नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(विकास सहायता समन्वय शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ७८/७९

चलानी नं.:- २६६

मितिः २०७९/०२/२०

श्री स्थानीय तह (सबै),

विषयः भगिनी सम्बन्ध कायम गरी कृषि क्षेत्रमा मौसमी कामदार दक्षिण कोरिया पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपालका विभिन्न स्थानीय तहहरुबाट दक्षिण कोरियाका स्थानीय सरकार (City Council) सँग भगिनी सम्बन्ध कायम गरी कृषि क्षेत्रमा मौसमी कामदार दक्षिण कोरिया पठाउने विषय भगिनी सम्बन्धका लागि हस्ताक्षर गरिने द्विपक्षिय समझदारी पत्र (MoU) मा उल्लेख गरी भगिनी सम्बन्ध कायम गर्न स्वीकृतिका लागि यस मन्त्रालयमा अनुरोध हुने गरेको सन्दर्भमा वैदेशिक रोजगारी सम्बन्धी विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने देखिएको हुँदा सो मन्त्रालयको रायका लागि लेखी पठाउँदा उक्त मन्त्रालयको वैदेशिक रोजगार व्यवस्थापन शाखाको प.सं. २०७८/७९, च.न. ३८०, मिति २०७९/०१/२९ को पत्रानुसार देहाय बमोजिम राय/प्रतिकृया प्राप्त भएकोले सबै स्थानीय तहहरुको जानकारीका लागि मिति २०७९/०२/१८ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

देहाय

१. नेपालको संविधानतः वैदेशिक रोजगार व्यवस्थापन संघीय सरकारको कार्यक्षेत्र भित्र रहेको र हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयद्वारा नेपाली नागरिकलाई वैदेशिक रोजगारीमा पठाउने कार्यको नियामक, कल्याणकारी र व्यवस्थापकीय कार्यहरु भैरहेको हुँदा प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम स्थानीय तहहरुलाई सो अधिकार दिइएको नदेखिएको।

२. वैदेशिक रोजगारीमा नेपाली नागरिकलाई पठाउँदा उक्त मन्त्रालयले हरेक देशका लागि छुट्टाछुट्टै लागत र सेवा शुल्कको नीति लिएको र सकभर रोजगारदाताकै तर्फबाट आतेजाते हवाईजहाज, निशुल्क प्रवेशाज्ञा लगायतका विषयहरु सुनिश्चित भएपछि मात्र श्रम स्वीकृति प्रदान गर्ने गरिएको छ। अतः प्रस्तावित भगिनी सम्बन्ध कायम गर्ने र सो अनुरुप मात्रै नेपाली नागरिकलाई दक्षिण



सिंहदरवार, काठमाडौं, फोन ४२००३२३, ४२००४६०
www.mofaga.gov.np, विकास सहायता समन्वय शाखा : dccs@mofaga.gov.np

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(विकास सहायता समन्वय शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ७८/७९

चलानी नं.:- २६६

कोरीया पठाउने विषय बेग्लाबेग्लै रहेको हुँदा वैदेशिक रोजगारीका लागि भगिनी सम्बन्ध कायम गर्नु कानूनी र व्यवस्थापकीय दृष्टिकोणबाट समेत अनुपयुक्त देखिएको।

३. वैदेशिक रोजगारीका अवसरहरु प्राप्त भएपछि प्रचलित वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ अनुसार सम्बन्धित देशमा रहेको कूटनीतिक नियोगले प्रमाणिकरण गरेर वैदेशिक रोजगार विभागमा रहेको Foreign Employment Information Management System (FEIMS) मा प्रविष्ट गरेपछि मात्र भर्ना प्रकृया प्रारम्भ हुने प्रचलित व्यवस्था रहेको।

४. नेपालबाट दक्षिण कोरियामा रोजगारीका लागि सहजिकरण गर्न हाल Employment Permit System (EPS) प्रणाली सक्रिय रहेको र सो अनुरुप कोरियाका कृषि क्षेत्रमा समेत ठूलो संख्यामा नेपालीहरुलाई रोजगारी प्राप्त भइरहेको।

(दीक्षा थापा)
शाखा अधिकृत

**बोधार्थः**

श्री वैदेशिक रोजगार व्यवस्थापन शाखा
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

श्री सूचना तथा प्रविधि शाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं । — वेवसाईटमा अपलोड गरिदिनु हुन ।